# खाद्य तथा पोषण सुरक्षा प्रवर्द्धन आयोजना

## (Food and Nutrition Security Enhancement Project)

वातावरण तथा सामाजिक प्रारुप (Environment and Social Management Framework - ESMF) को

## सारांश

नेपाल सरकार कृषि, भूमी व्यवस्था तथा सहकारी मन्त्रालयले आ. व. २०७५/७६ देखि ५ वर्ष अवधिको लागि सिराहा, सप्तरी, धनुषा, महोत्तरी, दोलखा, सिन्धुपाल्चोक, धादिङ्ग तथा गोरखा लगायत ८ जिल्ला प्रत्यकबाट छानिएका २/२ गाउँपालिकामा खाद्य तथा पोषण सुरक्षा प्रवर्द्धन आयोजना (Food and Nutrition Security Enhancement Project) संचालन गर्ने निर्णय गरेको छ । विश्व बैंकबाट सुपरिवेक्षण हुने यो आयोजनालाई विश्व कृषि तथा खाद्य सुरक्षा कार्यक्रम Global Agriculture and Food Security Program - GAFSP) बाट वित्तीय सहयोग प्राप्त हुनेछ । यी माथि उल्लेखित ८ जिल्लाहरु मध्ये प्रथम ४ जिल्लाहरु प्रदेश २ मा, पाचौं, छैठौं र सातौं जिल्ला प्रदेश ३ मा र अन्तिम आठौं जिल्ला प्रदेश ४ मा पर्दछ । यो आयोजनाको मुख्य उद्देश्य छानिएको जिल्लाहरुका लक्षित साना कृषक समुदायहरुको कृषि उत्पादकत्व र पोषण तरिकामा सुधार ल्याउनु हो ।

यो आयोजनाको ५ वटा संभाग हरु छन् । यिनीहरु मध्ये पाचौं संभाग प्राकृतिक तथा मानविय कारणबाट बाढी, पहिरो, चिसो हावा, भुकम्प, लु, जस्ता आकस्मिक घटना भएमा तत्काल राहत पुऱ्याउनु रहेको छ। यस बाहेक यस आयोजनाका बाँकि ४ मुख्य संभागहरु निम्न छन् ।

संभाग कः प्रविधि अनुकुलन, प्रसारण तथा उत्पादक समुहलाई सहयोग

संभाग खः बजार पहुँच तथा जलवायु जोखिम व्यवस्थापनद्धारा आयआर्जन तथा विविधिकरण

संभाग गः पोषण सुरक्षामा सुधार

संभाग घः आयोजना व्यवस्थापन, अनुगमन तथा मुल्याङ्कन एवं संचार

यस आयोजनाले खाद्य तथा पोषण सुरक्षाको दृष्टिकोणबाट संकटग्रस्त ६५००० परिवारहरु (Vulnerable Households) (भुकम्प पिडित, अति खाद्य असुरक्षित, विकासबाट पछि परिएका उत्पिडित,भूमीहिन, सिमान्तिकृत तथा महिला घरमुली) लाई लक्षित गर्ने भएकाले यो आयोजनाको प्रभावकारी रुपमा कार्यान्वयन गर्न वातावरण तथा सामाजिक व्यवस्थापन प्रारुप (Environment and Social Management Framework - ESMF) तर्जुमा गरी त्यसले पहिचान गरेको सवालहरुलाई उपयुक्त ढंगबाट सम्बोधन गरी न्युनिकरण गर्नु पर्दछ ।

यो आयोजनाले ठूला, महँगा तथा जटिल पूर्वाधारहरु निर्माणमा लगानी नगर्ने भए पनि यसले कार्यान्वयन गर्ने कुनै पनि कृयाकलापबाट संभावित वातावरण तथा सामाजिक क्षेत्रमा पर्न सक्ने नकरात्मक प्रभावहरुसँग सम्झौता गर्दैन ।

यस आयोजनाको कृयाकलापहरु मुख्यत भू-उर्वरतामा सुधार ल्याउने, कृषि उत्पादक वृद्धि गर्ने, बालबालिका, दुध खुवाउने महिलाहरु तथा गर्भवतीहरुको पोषण स्थितिमा सुधार तथा जलवायु संवेदनशील प्रविधिहरु प्रवद्धन गर्नेमा केन्द्रित छ । यधपि यो आयोजना र यसको कृयाकलापहरु तर्जुमा गर्दा वातावरण तथा सामाजिक सुरक्षाका उपायहरु प्रति संवेदनशील मात्र नभइ तिनीहरुलाई पुर्ण पालना गर्न तथा आयोजनाका प्रत्यक्ष लाभग्राही र अन्य सरोकारवालाहरुको सचेतना तथा कार्यान्वयन क्षमता वृद्धि गरी तिनीहरुलाई पालना गर्न गराउन समेत केन्द्रित छ । साथै सुशासन तथा नीतिगत प्रारुप अन्तर्गत तर्जुमा गरिएको यो वातावरण तथा सामाजिक प्रारुपले वातावरण तथा सामाजिक सुरक्षाका सबै उपायहरुलाई कार्यान्वयन सुनिश्चित गर्ने प्रयास गरेको छ ।

यो वातावरण तथा सामाजिक व्यवस्थापन प्रारुप (ESMF) मा दोहोरो अर्थ नलाग्ने Unambiguous), सम्पन्न गर्न सकिने व्यवहारिक तथा उपयुक्त तहकिकात /जाँचका वातावरण तथा सामाजिक अनुसन्धानको आधारहरु (Screening Criteria) समावेश छन् तर यहाँ ध्यान दिनुपर्ने मुख्य कुरा के छ भने यस आयोजनाले समपन्न गर्ने मुख्य कृयाकलापहरु माटो तथा उर्वरता सुधार, कृषि उत्पादकत्व वृद्धि गर्ने, बालबालिका, दुध खुवाइरहेका महिलाहरु तथा गर्भवतीहरुको पोेषण अवस्थामा सुधार तथा जलवायु संवेदनशील प्रविधि (Climate Smart Technology) हरुको प्रवर्द्धनमा केन्द्रित छ ।

यो वातावरण तथा सामाजिक व्यवस्थापन प्रारुप तर्जुमा गर्दा नेपालको संविधान २०७२ लगायत सान्दर्भिक ऐन, नियम योजना तथा नीतिहरुको सघन अध्ययन (Intensive Study) गरिएको छ ।

वातावरण संरक्षण तथा स्थानीय सरकार संचालन ऐन २०७४ ऐनहरुसँग एकरुपता कायम गरिएको छ ।

यस आयोजनाको वातावरण तथा सामाजिक व्यवस्थापन प्रारुपको मुख्य उद्देश्य आयोजनाको कृयाकलापहरुबाट वातावरण तथा सामाजमा पर्न सक्ने संभावित वातावरणीय तथा सामाजिक सवाल / जोखिमहरु पहिचान गरी तिनीहरुको न्युनिकरण गर्नु हो । यो प्रारुपको विशिष्ट उद्देश्यहरु निम्न छन् ।

क) आयोजनाको वित्तीय सहयोग अन्तर्गतका संभागहरु सम्बन्धित कृयाकलापहरुको वातावरणीय तथा सामाजिक सुरक्षाका उपायहरुको छनौट, समिक्षा तथा व्यवस्थापनको लागि स्पष्ट तरिका तथा नियमहरु तर्जुमा गर्ने ।

ख) वातावरण तथा सामाजिक मूल्याङ्कन (Environment and Social Assessment) को लागि आवश्यक तत्वहरु सम्बन्धिमा पथ प्रदर्शन सहित वातावरण तथा सामाजिक व्यवस्थापन योजना (ESMP),, पुनर्वास योजना Resettlement Action Plan -RAP), संकटग्रस्त समुदाय विकास योजना (Vulnerable Community Development Plan -VCDP) निर्माणमा सहयोग गर्ने ।

ग) आयोजनामा लागु हुने नेपाल सरकारका सबै सान्दर्भिक नीति नियमको साथै विश्व बैंकको वातावरण तथा सामाजिक सुरक्षा अवधारणाहरु सम्बन्धमा अध्यावधिक रहि तिनीहरुको कायान्वयन सहजिकरण गर्ने ।

यस प्रारुपको प्राथमिकतामा गरिब, विस्थापित, भूमिहिन, प्रौढ, महिला, बालबालिका, आदिवासी जनसंख्या तथा अल्पसंख्यक जनजातिहरु पर्दछन् । यस प्रारुपले आयोजना पूर्व हुने लगानी तथा अध्ययनहरुमा वातावरणीय तथा सामाजिक मुल्याङ्कन तथा यस सम्बन्धि योजना तर्जुमा गर्न निर्देशित गरेको छ । साथै उपआयोजना चक्र (Sub Project Cycle) का प्रत्येक चरणहरु (Steps) मा प्रयाप्त वातावरण तथा सामाजिक सुरक्षाका गतिविधिहरु संवेदनशील हुन र तिनीहरुलाई एकिकृत गर्न समेत सघाउ पु¥याउँछ । यस प्रारुपले वातावरण तथा सामाजिक सुरक्षा सम्बन्धि सिद्धान्त उद्देश्य तथा रणनीति वर्णन गरी वातावरणमा नकारात्मक प्रभावहरुलाई न्युनिकरण गर्न सबैलाई सचेत गराएको छ।

आयोजना पूर्वको वातावरण प्रभाव मुल्याङ्कन (Ex-ante Environment Impact Assessment) बाट यो आयोजनाले प्रस्तावित गरेको कृयाकलापहरु वातावरणमैत्री हुनुको साथै यिनीहरुको कार्यन्वयनबाट वातावरणमा न्युन नकारात्मक प्रभाव पर्ने देखिए तापनि प्रस्तावित प्रारुपले यस आयोजनाको सहयोग र संचालित प्रत्येक साना अनुदान सम्बन्धि कृयाकलाप वा उपआयोजनाहरुको वातावरणीय तथा सामाजिक जाँच (Environmental and Social Screening) गरी तिनीहरुको वातावरणीय तथा सामाजिक प्रभाव पत्ता लगाई उपयुक्त समाधानका उपायहरु कार्यान्वयन गर्नु पर्ने प्रावधान प्रस्तावित गरेको छ । प्रत्येक प्रस्ताव /उपआयोजनाको वातावरणीय मुल्याङ्कनको स्थलगत भ्रमण तथा मुल्याङ्कन गरी तिनीहरुलाई ४ वर्गहरु (१,२,३,४) के मा पर्छ छुट्याई त्यस अन्तर्गत उपयुक्त न्यनिकरण गर्नु पर्ने व्यवस्था गरेको छ । वर्ग १ मा पर्ने उपआयोजनाहरुलाई यस आयोजनाले लगानी गर्ने छैन । यस्तै वर्ग २ मा परेका वातावरण संरक्षण ऐन अन्तर्गत वातावरण प्रभाव मुल्याङ्कन (Environment Impact Assessment - EIA) गर्नु पर्ने उपआयोजनाहरुलाई पनि यस आयोजनाले लगानी गर्ने छैन । तर वर्ग २ मा परी प्रारम्भिक वातावरण परिक्षण (Initial Environment Examination - IEE) गर्नु पर्ने उपआयोजनाहरुको हकमा वातावरण व्यवस्थापन योजना (Environment Management Plan -EMP) सहित प्रस्ताव पेश हुन आएमा आयोजनाले लगानी गर्न सक्नेछ । वातावरण आचार संहिता (Environment Code of Practice -ECOP) सम्लग्न गरी वातावरण संरक्षण उपायहरु कार्यन्वयन गर्ने प्रतिवद्धता तथा तरिका पेश भएको वर्ग ३ मा पर्ने उपआयोजनाहरुलाई यस आयोजनाले लगानी गर्न सक्नेछ । वर्ग ४ मा परेका उपआयोजनाहरुको लागि वातावरण आचार संहिता पर्ने छैन ।

यस वातावरण तथा सामाजिक व्यवस्थापन प्रारुपले वातावरण तथा सामाजिक सुरक्षा विश्लेषण यस प्रारुपकै अभिन्न अंगको रुपमा गर्नु पर्ने व्यवस्था गरेको छ। यसको २ मुख्य उद्देश्यहरु छन् । पहिलो उद्देश्य आयोजनाको कृयाकलाप (Project intervention) सहजिकरण गर्न सामाजिक पक्षहरु मुल्याङ्कन गर्नु हो । दोश्रो उद्देश्य सबै तहका जनसंख्या खासगरी जोखिममा परेका समुहहरु आदिवासी अल्पसंख्यक जनजाति, दलित तथा भुमिहिनलाई संलग्न गर्न संभावित कठिनाईहरु मुल्याङ्कन गर्नु हो ।

यो वातावरण तथा सामाजिक व्यवस्थापन प्रारुप प्रारुपले वातावरण तथा सामाजिक सुरक्षाका लागि उपआयोजना छनौट, कार्यान्वयन, अनुगमन तथा मुल्याङ्कनमा आयोजनामा संलग्न आयोजना व्यवस्थापन समूह (PMU), क्लस्टर अफिस (Cluster Office-CO) तथा गाउँपालिकाहरुको भूमिका तथा उत्तरदायित्वहरुलाई प्रस्ट पार्दै आवश्यक तिनीहरुलाई पथ प्रदर्शन समेत गरेको छ।

वातावरण तथा सामाजिक व्यवस्थापन प्रारुप योजना (ESMP) तर्जुमा गर्दा आयोजनाले यसको पूर्णता (Completeness) पर्याप्तता (Adequacy) तथा स्पष्टता (Clarity) को लागि समेत मुल्याङ्कन गर्नेछ । आयोजनाले प्रस्तावित सामाजिक योजना कार्यनीति कार्यान्वयन गर्न उपलब्ध श्रोत तथा साधनको उत्तम प्रयोग गर्नेछ र साथै संभावित सामाजिक सवालहरु समयमै उपयुक्त तरिकाबाट सम्बोधन गरी नकरात्मक प्रभाव न्युनिकरण गर्न प्रयत्न गर्नेछ । अतः शुरुको अवस्थाबाटै उपआयोजना तर्जुमा, योजना निर्माण र वातावरण तथा सामाजिक जाँच/ छनौट तर्फ आयोजनाले उपयुक्त तथा ठोस विधिहरु अपनाउनेछ ।

यस प्रारुपमा लैंगिक विकास योजना समेत समावेश छ । यस अन्तर्गत आयोजनाको नतिजा प्रारुपमा समावेश सुचकहरुको कार्यान्वयन स्थिति मुल्याङ्कन गर्दै तिनीहरुको कार्य प्रगति समिक्षा गर्नु पर्ने व्यवस्था मिलाइएको छ ।

यो वातावरण तथा सामाजिक व्यवस्थापन प्रारुप प्रारुपले आयोजनाको मध्यावधिमा स्वतन्त्र तेश्रो पक्षबाट वातावरण तथा सामाजिक सुरक्षाका उपायहरु अवलम्बन स्थिति मुल्याङ्कन गरी उपयुक्त वातावरणीय तथा सामाजिक सुरक्षाका उपायहरुको कार्यान्वयन सुनिश्चित गर्ने प्रावधान समेत राखेको छ । अन्त्यमा यस प्रारुपले गुनासो व्यवस्थापन कार्यलाई समेत उच्च प्राथमिकतामा दिँदै गाउँपालिका, क्लस्टर तथा आयोजना कार्यान्वयन इकाई (PMU) प्रत्येक तहमा उपयुक्त समिति व्यवस्था गर्न समेत प्रस्तावित गरेको छ ।